गाउँसभाको सातौं अधिबेसनमा अध्यक्ष प्यारिलाल शाही ज्यू बाट प्रस्तुत

आर्थिक बर्ष २०८०।८१ को

# बार्षिक निती तथा कार्यक्रम

चंखेली गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यलय

पिप्लाङ्ग, हुम्ला

कर्णाली प्रदेश नेपाल

२०८० असार १० गते आइतबार

**“चंखेली दिगो बिकासको आधारः सुशासन, समृद्धि, पर्यटन र पुर्वाधार”**

चंखेली गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कर्मचारी साथीहरु,पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम चंखेली गाउँपालिकाको ७ औं गाउँ सभामा हार्दिक स्वागत गर्दछु । चंखेली गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । विपद् व्यवस्थापन र महामारी जन्य जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरु, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा यस कार्यमा सहयोग पुर्याउनु हुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । चंखेली गाउँपालिकाको विकासका निम्ती, नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनु हुने उपाध्यक्षज्यु, सभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगाएत सवै राष्टसेवक कर्मचारी र सम्पुर्ण गाउँपालिका वासी आमा वुवा दाजुभाइ तथा दिदीवहिनीहरुलाई स-धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिकका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु अझै पनि केही चुनौतीहरु बाँकी नै छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म टेवा पुर्याउने, वन जंगलको संरक्षण गर्दै

भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकास र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हाँसिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने न्यून तथा मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्नुका साथै सुखी चंखेली वासी तथा समृद्ध चंखेली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रुपमा रहेको कुपोषण, गरिवी, हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो सामु रहेका छन्।

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरुमा गाउँवासीले दिएको साथ, सहयोग, अघात माया ममताबाट प्रेरित भई मैले चंखेली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, सबै नागरिकहरुमा गुणस्तरीय स्वास्थ्य र शिक्षाको पहुँच पुगाउन तथा सबै वस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारण, चंखेली गाउँ उज्यालो बनाऔं भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी चंखेली वासी र समृद्ध चंखेली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

**यस सभाका उपाअध्यक्ष, सचिव तथा सभा सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक बर्ष २०८०।८१ को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**क) शिक्षा तथा खेलकुद**

१. बिद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधारलाई जोड दिई आधारभूत र माध्यमिक तहमा दरबन्दी न्युन भएका बिद्यालयका लागी आबश्यक अनुदान कोटा निर्धारण गरि गा.पा. स्वयमं सेवक अनुदान शिक्षकको ब्यबस्था गर्ने कार्यलाई प्राथमिकतामा राखि कार्यन्वयनमा ल्याईनेछ ।

२. बालबिकास सहजकर्ता र उ.मा.वि. का शिक्षकहरुको तोकिएको न्युनतम पारिश्रमिकमा अपुग बजेट गा पा बाट थप गरिदै आएकोमा सो अपुग न्युनतम अनुदानलाई शसर्त बजेटबाट ब्यबस्था नहुँदा सम्मका लागी आगामी आ.ब. मा शसर्त बजेट बाहेक गा. पा. बाट बालबिकास सहजकर्तालाई मासिक रु ५०००। र उ.मा. वि का शिक्षकहरुलाई रु १७०४० बजेटको ब्यबस्थापन गरि पेशागत कार्यलाई प्रोतसाहन गरिनेछ ।

३. बिद्यालयका प्रारम्भिक कक्षामा बसाई ब्यबस्थापन तथा बालमैत्री पठनपाठनलाई जोड दिईनेछ । र आगामी ५ बर्ष भित्रमा सम्पुर्ण गाउँपालिका भित्र पक्की सामुदायिक बिद्यालय भवन निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

४. आधारभूत तह कक्षा १ देखि ८ सम्म स्थानिय पठ्यक्रम को निर्माण गरि लागु गरिनेछ ।

५. स्वास्थ्यका लागी खेलकुद राष्ट्रका लागी खेलकुद भन्ने मुल नाराका साथ पालिका र जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्षकप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

६. बिद्यार्थीहरुको क्षमता पहिचान तथा सिकाईमा थप प्रोत्साहनका लागी तहगत रुपमा पालिका स्तरिय बिद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरि पुरस्कृत गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईनेछ ।

७. बिद्यालय तहको परिक्षालाई मर्यादित र ब्यबस्थित बनाउदै आधारभूत तह कक्षा ८ को परिक्षालाई थप ब्यबस्थित गरि परिक्षा प्रणालीमा सुधार ल्याईनेछ ।

८. बिद्यालयको शैक्षिक गतिबिधीलाई सुधारको लागी पालिकाद्वारा नियमित बिद्यालय सुपरिबेक्षण तथा शिक्षक पेशागत सहयोग कार्यलाई बिषेश जोड दिईनेछ । बिद्यालय सुपरिबेक्षक तथा पेशागत सहयोगका लागी शिक्षा

शाखाको मातहतमा रहने गरि १ स्रोत बिज्ञ नियुक्ती गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईनेछ ।

९. बिद्यार्थि मुल्याङ्कन तथा पेशागत समस्याहरु पहिचान गरि समाधानका लागी मागमा आधारित क्षमता बिकास तालिमहरु सञ्चालन गरिनेछ ।

१०. दरबन्दी मिलान गरि बिद्यालयहरुलाई थप ब्यबस्थित बनाउन आबश्यक पहल गरिनेछ ।

११. बिद्यालयको शैक्षिक गतिबिधीहरुमा एकरुपता ल्याउन पालिका स्तरिय शैक्षिक क्यालेण्डर निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१२. खेलकुद क्षेत्रको बिकासका लागी गाउँपालिका अन्तर्गत दार्मा र पिप्लाङ्गमा एक एक वटा कभर्ड हल निर्माण गरिनेछ ।

१३. यसै आ.ब. २०८०।८१ बाट भौगोलिक बिकटतालाई मध्यनजर गरी महादेव उच्च मा. वि. मा बिद्यालय बसको सञ्चालनमा गाउँपालिकाबाट अथक प्रयास गरेर सञ्चालनमा ल्याउन प्रयत्न गरिनेछ ।

**ख) स्वास्थ्य**

१४. ५ शैया अस्पतालको प्रारम्भिक कार्य शुरु भैसकेकोले आ.ब. २०८२।८३ सम्म सम्पन्न गरिनेछ ।

१५. स्वस्थ गाउँपालिका, समृद्ध गाउँपालिका भन्ने कुरालाई मध्यनजर गर्दै गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा प्रायप्त मात्रामा औषधीको ब्यबस्था गरिनेछ ।

१६. अति बिपन्न तथा गरिव नागरिकहरुलाई केन्द्रबिन्दुमा राखेर बिशेषज्ञ डाक्टर सहितको गाउँपालिका स्तरमा बिभिन्न स्वास्थ्य शिबिर सञ्चालन लाई निरन्तरता दिईनेछ ।

१७. पालिकाभित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेका गर्भवतीहरु र आकस्मिक बिरामीहरुलाई औषधी उपचार गर्नको लागी गाउँपालिकाभित्र

आन्तरिक एम्बुलेन्स तथा यहाँ उपचार हुन नसकेका जटिल बिरामीको लागी गाउँपालिका बाहिर गुणस्तरिय एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१८. हाल संचालित बर्थिङ सेन्टर तथा सामुदायिक ईकाइ हरुलाई थप ब्यबस्थित गरिनेछ ।

१९. सुत्केरी भएका महिला र नवजात शिशुको स्वास्थ्यलाई मध्यनजर गरि सुत्केरी तथा गर्भवती भएको महिला हरुलाई अध्यक्ष-उपाअध्यक्ष पोषण कोशेली कार्यक्रमलाई अगाडी बढाईनेछ ।

२०. महिला स्वायमं सेविकालाई दिदै आएको सेवा सुबिधालाई थप प्रभावकारी बनाई उक्त सुबिधा लाई निरन्तरता दिईनेछ ।

२१. जेष्ठ नागरिक, दिर्गरोगी, बिपन्न गरिव र अपाङ्गता भएका ब्यक्तीहरुको पहिचान गरी निशुल्क औषधी उपचार को ब्यबस्था लाई निरन्तरता दिईनेछ ।

२२. आगामी १ बर्ष भित्र होम डेलीभरीलाई सुन्यता बनाई पुर्ण रुपमा संस्थागत सुत्केरी को संख्यामा जोड दिईनेछ ।

२३. यसै आ.ब.मा पूर्ण पोषण वडा एवमं गाउँपालिका घोषणा गरिनेछ ।

२४. पालिका स्तरमा स्वास्थ्य बिमा बोर्ड गठन गरी सम्पूर्ण नागरिकहरुमा स्वास्थ्य बिमा कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२५. यस गाउँपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थहरुको प्रतिबेदन गुणस्तर गरि जिल्लाकै उत्कृष्ट पालिका बनाईनेछ । साथै पुर्ण खोप सुनिश्चितता दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२६. मातृ तथा नवजात शिशु मृत्युदर कम गर्न तथा सस्थागत सुत्केरी बृद्धी गर्न सञ्चालन गरिएको मेडिक मोबाईल कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

२७. यसै आ. ब. बाट मोतिबिन्दु तथा नेत्र रोगको रोगथाम तथा नियन्त्रणको लागी प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरिनेछ ।

**ग) कृषी तथा पशुपंक्षी**

२८. आकस्मीक बालि संरक्षण कार्यलाई निरन्तरता दिईनेछ ।

२९. कृषिमा आधुनिकरण गर्नको लागी कृषि यान्त्रीकरणमा बिशेष जोड दिईनेछ ।

३०. कृषकलाई कृषि उत्पादनमा प्रोत्साहित गर्न तरकारी तथा अन्नबालीको गुणस्तरिय बिउबिजन अनुदानमा उपलब्ध गराईनेछ ।

३१. पशु स्वास्थ्यलाई मध्यनजर गरि घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३२. खेतियोग्य जमिनहरुमा १२ महिना सिचाईको लागी तामेकुला र रातापया सिचाई आयोजना सञ्चालन गरि कृषकहरुको आयआर्जनमा बृद्धि गरिनेछ ।

३३. दिगो सिचाईको ब्यबस्थापन गरि पालिकाको कृषि उत्पादनलाई बिषेश जोड दिईनेछ ।

३४. बिधिन्न रोगको निदानको लागी आबश्यक औषधी खरिद गरि प्रत्येक टोलमा पशु प्राबिधिक खटाउने ब्यबस्था गरिनेछ ।

३५. जनचेतनामुलक रेबिज दिबस, भेटेनरी दिबस मनाउदै रेबिज, लम्पीस्किन, रानिखेत तथा अन्य पशुपंक्षीमा देखिने रोगको खोप लगाउन आबश्यक स्रोत र साधन सहित दक्ष पशु जनशक्ती परिचालन गरिनेछ ।

३६. पशुपंक्षि पालनलाई ब्यबसायिक निति बनाउन कृषकहरुलाई मागमा आधारित तालिमको ब्यबस्था गरिनेछ ।

३७. पशुपालन तथा व्यबसायिकलाई पहिलो प्राथमिकतामा राखि बिशेष पकेट क्षेत्र कार्यक्रमलाई सुनिश्चितता गरिनेछ ।

<u>**यस सभाका उपाध्यक्ष सचिव तथा सभा सदस्य ज्यु हरु**</u>

**घ) लैङ्गिक समानता र सामाजिक समाबेशीकरण**

३८. महिलाहरुको अनुशिक्षण तालिम सञ्चालन गरिनेछ ।

३९. बालबिबाह न्युनीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम को ब्यबस्था गरिनेछ ।

४०. महिला पुरुष समबिकास तालिम सञ्चालन गरिनेछ ।

४१. लैङ्गिक समानता संग जोडिएका बिभिन्न दिबसिय कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. अपाङ्गताहरुको ब्यबस्थापन तथा मूल प्रबाहिकरण कार्यक्रम सञ्चालनको ब्यबस्था गरिनेछ ।

४३. गाउँपलिका स्तरमा अपाङ्गता शिबिर सञ्चालन गरि छुट भएका अपाङ्गता ब्यक्तीको पहिचान गरि परिचयपत्र बितरण समन्वय समितिको बैठकबाट अपाङ्गता परिचयपत्र बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४४. महिलाहरुलाई नेतृत्व तथा क्षमता बिकास तालिम को ब्यबस्था गरिनेछ ।

४५. बालक्लब गठन तथा अभिमुखिकरण तालिमको ब्यबस्था गरिनेछ ।

४६. गाउँपालिका स्तरिय बालभेला कार्यक्रम सञ्चालन गरि बालक्लब का पदाधिकारीहरुलाई नेतृत्व तथा क्षमता बिकास सम्बन्धी तालिमको ब्यबस्था गरिनेछ ।

## ङ) भौतिक पूर्वाधार बिकास

४७. गाउँपालिकाको प्रशासकिय भवनको निर्माण कार्य आ.ब. २०८२।८३ सम्म सम्पन्न गरिनेछ ।

४८. गाउँपालिकाको पर्यटन प्रवद्धनका लागी पर्यटकिय क्षेत्रको पहिचान गरि बिश्वसामु चिनाउन डकुमेन्ट्री निर्माण गरि प्रचारप्रसार गरिनेछ ।

४९. गाउँपालिका भित्र सहज रुपमा आवतजावतका लागी लोतिखोला बेलिबृज निर्माण कार्य यसै आ. ब. भित्र सम्पन्न गरिनेछ ।

५०. “**उज्यालो चंखेली खुसी चंखेलीबासी**” बनाउनको लागी गाउँपालिकामा बिद्युतको पहुँच नपुगेका वडामा बिद्युत लाईन बिस्तार गरिनेछ ।

५१. गाउँपालिकामा हाल सञ्चालनमा आएका सडकहरुलाई स्तरउन्नतीका लागी गाउँपालिकाले आफ्नै एउटा भ्याकुलेटर खरिद गरि सडक नपुगेको बस्तीमा सडक बिस्तार गर्न पहल गरिनेछ ।

५२. चंखेली गाउँपालिकाकोल केन्द्र देखि सबै वडाहरु समेट्ने गरि लिङ्क रोड निर्माणलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईनेछ । साथै यस गाउँपालिका तथा समग्र हुम्ला

जिल्लाको उत्तर र दक्षिण दुबै भागबाट सडक बिस्तार र निर्माण कार्यलाई जोड दिन पहल गरिनेछ ।

५३. उच्च हिमालि भागमा पाईने बहुमुल्य जडीबुडीहरुको संकलन र भण्डारण गरि कृषकको आयआर्जन बृद्धिका लागी उपयुक्त स्थानमा जडिबुडी प्रसोधन केन्द्र निर्माण गर्न पहल गरिनेछ ।

५४. आधुनिक संचार प्रबिधीको बिकास र बिस्तारमा जोड दिई प्रबिधि मैत्री सेवा प्रबाह गरिनेछ ।

५५. पालिकाभित्र रहेका पर्यटकिय क्षेत्रलाई संरक्षण गर्दै पर्यटन पुर्वाधार बिकास कार्यलाई प्राथमिकता दिईनेछ ।

५६. संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान गाउँपालिका स्रोतबाट कार्यनन्वयन गर्न नसकिएकोले संघ र प्रदेश सरकारसित समन्वय गरि सञ्चालन गरिनेछ ।

**च) बन बाताबरण तथा बिपद**

५७. यस गाउँपालिकाभित्र रहेका नदि तथा खोलाहरुको प्रारम्भिक बाताबरणिय परिक्षण गर्दै नदि जन्य पदार्थको उत्खनन्, संकलन र बिक्री बितरण गरि आन्तरिक राजस्व बृद्धी गरिनेछ ।

५८. हरियाली प्रवर्धन गर्नको लागी सामुदायिक बिद्यालय र सार्वजनिक क्षेत्रमा बृक्षारोपण कार्यक्रम सञ्चालनमा पहल गरिनेछ ।

५९. बाढी पहिरो तथा आगजनी लगायत प्राकृतिक तथा दैबिक प्रकोपबाट पिडितलाई कार्यबिधिले निर्दिष्ट गरेको आधारमा राहत तथा आर्थिक सहायता उपलब्ध गराईनेछ ।

६०. बिपद ब्यबस्थापन कार्यलाई उच्च प्राथमिकताका साथ लिनको लागी आबश्यक बिपद सामाग्री ब्यबस्थापन तथा ६ वटै वडाहरुमा बिपद ब्यबस्थापन अभिमूखिकरण तालिम सञ्चालन गरिनेछ ।

६१. चंखेली गाउँपालिकाका ६ वटै वडामा प्रत्येक घरधुरीमा बाताबरण प्रदुषण बाट बचन र स्वास्थ्य परिवर्तनका लागी जनचेतनामुलक कार्यक्रम सञ्चालन

गरिनेछ ।साथै प्रत्येक टोलमा भएको फोहोर ब्यबस्थापनका लागी डस्नको ब्यबस्था मिलाईनेछ ।

<u>यस सभाका उपाध्यक्ष सचिव तथा सभा सदस्य ज्यु हरु</u>

**छ) खानेपानी तथा सरसफाई**

६२. खानेपानी आबश्यकता परिपूर्ती गर्नको लागी कादुरी संस्थाको प्राबिधिक तथा आर्थिक सहयोगमा एक घर एक धारा निर्माण कार्यलाई बिषेश जोड दिईनेछ ।

६३. खानेपानी आयोजनाहरुको मुहान सफा गर्नुका साथै खानेपानीको सुद्धता परिक्षणको लागी आबश्यक ब्यबस्था गरिनेछ ।

६४. खानेपानी आयोजना सञ्चालन गर्नु पूर्व खानेपानीक मुहान अनिबार्य दर्ता गराउने ब्यबस्था गरिनेनेछ ।

६५. चंखेली गाउँपालिकामा खानेपानी समस्याको दिर्घकालिन समाधानका लागी गाउँपालिका स्तरिय बृहत खानेपानी निर्माण कार्यको लागी पहल गरिनेछ ।

**ज) लघुउद्यम विकास**

६६. गरिवि निबारणका लागी लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ लबमोजिम लघुउद्यम विकास मोडलमा नया लघु उद्यमी सिर्जना गरिनेछ ।

६७. लघु उद्यम विकास कार्यक्रम अन्तरगत आगामी आर्थिक बर्ष भित्र कम्तीमा ५० जना लाई ६२ दिने सिपविकास तालिम दिई दक्ष जनशक्तीको उत्पादन गरिनेछ ।

६८. उपयुक्त प्रबिधिमा पहुँच तथा प्रबिधी हस्तान्तरण गरिनुका साथै निशुल्क ब्यबसायिक परामर्श सेवा प्रादान गरिनेछ ।

**झ) बहुक्षेत्रिय पोषण कार्यक्रम**

६९. कुपोषण पहिचानका लागी समुदाय स्तरमा पोषण लेखाजोखा गरिनेछ ।

७०. पशुजन्य स्रोत उपभोगका लागी सुनौला हजार दिनका आमालाई अण्डा, कुखुराका चल्ला र घिउ बितरण गरिनेछ ।

७१. पोषण सुधारका लागी बिपन्न समुदायका महिला समुह तथा कृषि सहकारीलाई आय आर्जन सुधार हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषणमैत्री स्थानिय शासन अबलम्बन गर्न र आगामी ४ बर्ष भित्र यस पालिकालाई पोषण मैत्री स्थानिय तह घोषणाका लागी बिशेष अभियान सञ्चालन गरि पोषणमैत्री वडा घोषणा अभियानलाई बिशेष प्राथमिकतामा राखि कार्य गरिनेछ ।

**<u>यस सभाका उपाअध्यक्ष सचिव तथा सभा सदस्य ज्यु हरु</u>**

**ञ) सुशासन र सार्वजनिक सेवा तथा क्षमता बिकास**

७३. आर्थिक बर्ष २०८०।८१ को स्वीकृत निती बजेट तथा कार्यक्रम अनुरुप बार्षिक कार्ययोजना तर्जुमा गरि कार्यन्वयनमा ल्याईनेछ ।

७४. यस चंखेली गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रबिधिमैत्री, जनमैत्री, पारदर्शी र सुशासन युक्त बनाउन कर्मचारीको क्षमता अभिबृदी तथा आबश्यक कानुनी ब्यबस्था समेत गरिनेछ ।

७५. स्थानिय तह संस्थागत क्षमता स्व मुल्याङ्कन (LISA) तथा स्थानिय तह बित्तिय सुशासन तथा जोखिम मुयाङ्कन प्रणाली (FRA) र स्थानिय आर्थिक बिकास मुल्याङ्कन प्रणाली (LED) लाई थप ब्यबस्थित गरिनेछ ।

७६. उपभोक्ता समितिबाट सञ्चालन गरिने योजना तथा कार्यलाई प्रभावकारी रुपमा सञ्चालन र ब्यबस्थापन गर्नको लागी उपभोक्ता समितिलाई अभिमुखिकरण तलिम सञ्चालन गरिनेछ ।

७७. चंखेली गाउँपालिकाको सेवा प्रवाह तथा योजनाको काम कारबाहीलाई छिटो छरितो पारदर्शी तथा प्रभावकारी ढंगले सञ्चालन गर्नको लागी (PAMS) सफ्टवेयर सिस्टमको सुरुवात गरिनेछ ।

७८. योजना अनुगमन कार्यलाई सरल र सहज बनाउनको लागी आबश्यक सामाग्रीको ब्यबस्था गरिनेछ ।

७९. संबिधान दिबस र निजामती सेवा दिबस लाई बिशेष महत्वका साथ मनाउनको लागी बिशेष दिवस कार्यक्रमको ब्यबस्था गरिनेछ ।

८०. स्थानिय सरकार सञ्चालन, योजना तर्जुमाका बिषयमा निर्वाचित जनप्रतिनिधीलाई क्षमता बिकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

८१. यस गाउँपालिकाको आर्थिक ऐन अनुसार सम्पूर्ण ब्यबसाय र लघु जलबिद्युत आयोजनामा न्युनतम शुल्क लगाई यसै आ.ब. बाट करको दायरामा ल्याईनेछ ।

८२. यस चंखेली गाउँपालिकाका ६ वटै वडाहरुमा रहेका जेष्ठ नागरिक (७० बर्ष) र (क ) बर्गको अपाङ्गता भएका ब्यक्तीहरुलाई गाउँपालिकाको रोहवरमा बैङ्कसंग समन्वय गरि प्रत्येक टोल टोलमा गएर सामाजिक सुरक्षा भत्ता बितरण गर्ने ब्यबस्था मिलाईनेछ ।

८३. सामाजिक सुरक्षा तथा ब्यक्तीगत घटना दर्ता सम्बन्धी प्रत्येक टोल टोलमा गएर चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

**<u>यस सभाका उपाअध्यक्ष सचिव तथा सभा सदस्य ज्यु हरु</u>**

**ट) रोजगार**

८४. आ.ब. २०८०।८१ मा स्थानिय स्तरमा रोजगारीको प्रबर्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममूलक प्रबिधि प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिईनेछ । बेरोजगार ब्यक्तीहरुको तथ्याङ्क संकलन तथा बिष्लेषण गरि रोजगार सुचना ब्यबस्थापन प्रणालीमा बेरोजगार हरुको सूची अध्याबधिक र ब्यबस्थित गरिनेछ ।

८५. पालिका भित्र उपलब्ध रोजगारी हरुको अबस्था पहिचान गरि सो को सूचना प्रबाह गरिनेछ ।

८६. संघ र प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिनेछ । गरिवी न्युनीकरण तथा रोजगारीका अबसर बृद्धी गर्न पहल कदमी चालिने छ ।

८७. स्थानिय तहमा दर्ता भएका बेरोजगार ब्यक्तीहरुलाई न्युनतम रोजगारीको प्रत्याभूत गर्नका लागी कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममुलक योजना मार्फत समुदायको बिकास संगै सामाजिक संरक्षणको प्रत्याभुत गराईनेछ ।

८८. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रलाई सहकार्य र समन्वयमा जोड दिईनेछ ।

८९. रोजगार सेवा केन्द्रको सञ्चालन तथा ब्यबस्थापनमा थप प्रभावकारी बनाईनेछ ।

९०. पालिका स्तरिय योजनामा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ ।

**<u>यस सभाका उपाअध्यक्ष सचिव तथा सभा सदस्य ज्यु हरु</u>**

यस गाउँपालिकाको आ.ब. २०८०।८१ को बार्षिक निती तथा कार्यक्रमहरु तयारीको क्रममा बिभिन्न चरणमा आफ्नो अमुल्य सुझाब सल्लाह र सहयोग गर्नुहुने गाउँपालिकाका उपा-अध्यक्ष ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिका सम्पुर्ण सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँपालिकाका बिभिन्न शाखाका प्रमुख लगायत कर्मचारीहरु, राजनितिक दलका प्रतिनिधीहरु, बिभिन्न गैर सरकारी संस्थाका प्रतिनिधी ज्यूहरु, नागरिक समाज,पत्राकार मित्र तथा सुरक्षाकर्मी मित्रहरु, लगायत चंखेली गाउँपालिकाका सम्पुर्ण जन समुदायमा समेत हार्दिक आभार ब्यक्त गर्न चाहन्छु ।

**धन्यबाद ।।।**